नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.: वा.त.वि.व्य.शा.२०७७/०७८
च.नं.: ०६

मिति: २०७७/०४/०६

विषयः निर्णय कार्यन्वयन सम्बन्धमा ।

श्री स्थानीय तह,
(सबै) ।

प्रस्तुत विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. १५ मिति २०७७/०४/०१ को पत्र मार्फत प्राप्त मिति २०७७/०३/२७ मा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को चौथो बैठकको निर्णयको प्रतिलिपि यसै साथ संलग्न राखी तहाँसंग सम्बन्धित निर्णयहरु कार्यान्वयन गरी सोको जानकारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र यस मन्त्रालयमा समेत उपलब्ध गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

२०७७/०४/०६
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखाः पत्र वेबसाइटमा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या:- ०७७/७८

च.नं.:- ९५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति २०७७।०४।०१

**विषय : राष्ट्रिय परिषद्को निर्णय पठाइएको सम्बन्धमा ।**

दर्ता नं.:- ९६५
मिति:- २०७७/४/६

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय ।
श्री अर्थ मन्त्रालय ।
श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय ।
श्री कानून न्याय तथा संसदीय मामिला मन्त्रालय ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।
श्री खानेपानी मन्त्रालय ।
श्री गृह मन्त्रालय ।
श्री परराष्ट्र मन्त्रालय ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।
श्री युवा तथा खेलकूद मन्त्रालय ।
श्री रक्षा मन्त्रालय ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।
श्री वन तथा वातावरण मन्त्रालय ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।
श्री शहरी विकास मन्त्रालय ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश।
श्री राष्ट्रिय योजना आयोग ।
श्री नेपाली सेना,
जंगी अड्डा, भद्रकाली, काठमाडौं।

प्रस्तुत विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/०३/२७ गते बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को चौथो बैठकका निर्णयको प्रतिलिपि पाना १(एक) यसैसाथ संलग्न गरी पठाईएको छ । तहाँसँग सम्बन्धित निर्णयहरु कार्यान्वयन हुन र सोको जानकारी यस प्राधिकरणलाई समेत उपलब्ध गराई दिने व्यवस्थाका लागि अनुरोध गर्दछु ।

**सादर अवगतार्थः**

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
माननीय गृह मन्त्रीज्यूको निजी सचिवालय, गृह मन्त्रालय ।

(अनिल पोखरेल)
सदस्य-सचिव
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण
तथा व्यवस्थापन राष्ट्रिय परिषद्

फोन: ०१-४२००२६०; फ्याक्स: ०१-४२००१०३; टोल फ्रि: ११४९; इमेल: ndrrma@ndrrma.gov.np; ndrrma@gmail.com; URL: www.ndrrma.gov.np

## मिति २०७७।०३।२७ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को चौथो बैठकका निर्णयहरू

१. मिति २०७७/०२/३१ देखि हालसम्म भएको मनसुनजन्य विपद् (बाढी, पहिरो, डुबान, कटान लगायत) का कारण भएको धनजनको क्षतिप्रति नेपाल सरकार गहिरो दुःख तथा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछ।

२. हालै मुलुकका विभिन्न भागमा गएको पहिरो र बाढीले गर्दा विपद्मा परेकाहरूलाई खोज, उद्धार तथा राहत वितरणमा परिचालन हुने सबै प्रदेश सरकार स्थानीय तह, सुरक्षाकर्मीहरू, राजनीतिक दलहरू, सामाजिक संघ संस्थाहरू तथा समुदायहरूलाई धन्यवाद दिँदै यस विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यमा आ-आफ्नो क्षेत्रबाट परिचालित हुन सबै तहका सरकारी संयन्त्रहरू, राजनीतिक दल एवम् यसका भातृ संगठनहरू, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संघ संस्था तथा समुदायहरू सबैलाई आव्हान गर्ने निर्णय गरियो।

३. मनसुनको अवधिमा बाढी, पहिरो, डुबान तथा कटानका कारण घाइते भएकाहरुको निःशुल्क उपचारको व्यवस्था गर्ने निर्णय गरियो।

४. सबै तहका विपद् व्यवस्थापन समितिहरू क्रियाशिल बनाई पूर्व तयारी तथा प्रतिकार्य कार्यमा समन्वयात्मक रूपमा खटिन साथै खोज तथा उद्धारमा खटिने सुरक्षाकर्मी परिचालन तथा विस्थापितहरूलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्दा कोभिड-१९ संक्रमणको जोखिम कम हुने गरी कार्य गर्न सबै तहका विपद् व्यवस्थापन समितिहरूलाई निर्देशन दिने निर्णय गरियो।

५. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा पहिचान गरिएका जोखिमयुक्त स्थानमा रहेका बासिन्दाहरूलाई सुरक्षित गर्नको लागि स्थानीय तहको समन्वयमा तत्काल अस्थायी रूपमा सुरक्षित स्थलमा स्थानान्तरण गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो।

६. बाढी, पहिरो, डुबान तथा कटानका कारण अवरोध भएका सडक मार्गहरू, उपलब्ध जनशक्ति र स्रोत साधन परिचालन गरी तत्काल आवागमन सुचारू गर्ने र यस्ता संरचनाहरूको अझ राम्रो र बलियो (Build Back Better) अवधारणा बमोजिम विपद् जोखिम न्यूनीकरण हुने गरी निर्माण गर्न सरोकारवाला निकायहरूलाई निर्देशन दिने निर्णय गरियो।

७. विपद् जोखिम संभावित क्षेत्रहरूमा तत्काल खोज, उद्धार तथा राहत सामाग्रीहरू पुऱ्याउन सक्ने गरी नजिकका सुरक्षित स्थानमा आवश्यक सामाग्रीहरू भण्डारण (Pre-positioning) गर्ने व्यवस्था मिलाउन सबै सरोकारवाला निकायहरूलाई निर्देशन दिने निर्णय गरियो।

८. मनसुनको अवधिमा बाढी, पहिरो, डुबान तथा कटानको कारण पूर्ण रूपमा घर क्षति भइ घरवारबिहिन भएकाहरूका लागि आवास निर्माण गर्न भूकम्प पीडितलाई प्रदान गरिए बराबरको सहायता सोही विधि र प्रक्रियाबाट उपलब्ध गराउन अर्थ मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्ने। शहरी विकास मन्त्रालयले पहिरो ग्रस्त स्थानका वस्तीहरूको अध्ययन गरी आवश्यकतानुसार वस्ती स्थानान्तरण तथा आवास निर्माण गर्नु पर्ने भएमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा उक्त कार्य गर्ने। उक्त स्थानहरूका जोखिम न्यूनीकरण गरी वसोवासको लागि उपयुक्त हुने देखिएमा आवश्यक संरक्षणको कार्य गर्न उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

९. विपद्को मात्रा तथा क्षतिको आधारमा संघ, प्रदेश तथा स्थानीय तहको विपद व्यवस्थापन सम्वन्धी जिम्मेवारीलाई दोहोरो नपर्ने गरी व्यवस्थित गर्न विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनमा आवश्यक संशोधनको कार्य अगाडी बढाउन गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

१०. प्रकोप पीडितलाई उपलब्ध गराइने राहतलाई अझ वस्तुगत र औचित्यपूर्ण बनाउन उद्धार तथा राहत सम्बन्धी हाल कार्यान्वयनमा रहेको मापदण्डलाई आवश्यकता बमोजिम संशोधन गर्ने प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्)मा पेश गर्न गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।